## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।१८ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

उदयपुर सिमेण्ट उद्योग लिमिटेडमा सिमेन्ट अनियमितता भएको भनी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको छानविन प्रतिवेदनबाट देखिएको तथा उक्त व्यहोरा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनबाट समेत देखिएको, क्लिङ्करको खपत बढी तर उत्पादन घटी रहेको देखाइएकोले सक्कल कागजात झिकाई छानबिन गरी दोषीमाथि कारवाही हुन भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादीहरूको आपसी मिलेमतोमा लाभ लिने तथा उदयपुर सिमेन्ट उद्योग लिमिटेडको सार्वजनिक सम्पत्ति बदनियत राखी आर्थिक वर्ष २०७४/०७५ मा वार्षिक मौज्दात विवरणमा क्लिङ्कर ३३,९१४ मेट्रिक टन रहेको भनी अभिलेख देखिएकोमा उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाटै भौतिक परीक्षण गरी मिति २०७५/०६/१२ मा पेश भएको भौतिक परीक्षण प्रतिवेदनबाट ३२,७८५ मेट्रिक टन क्लिङ्कर मात्र मौज्दात रहेको देखिएकोबाट उक्त आर्थिक वर्षमा जम्मा १,१२९ मेट्रिक टन वास्तविक हुनपर्ने भन्दा अश्वभाविक घटी मौज्दात देखिएको, उक्त क्लिङ्करको लागत मूल्य रु. १०,१०६.५९ प्रति मेट्रिक टन रहेको देखिएबाट वास्तविक हुनपर्ने मौज्दात भन्दा अस्वाभाविक घटी देखिएको १,१२९ टन क्लिङ्करको जम्मा **रु. १,१४,१०,३४०।११ रकम बरावरको सार्वजनिक सम्पत्ति हिनामिना हानीनोक्सानी तथा मासेको तथ्य** स्थापित भएको देखिएको, आर्थिक वर्ष २०७५/०७६ मा वार्षिक मौज्दात विवरणमा क्लिङ्कर ४४,४९५ मेट्रिक टन रहेको भनी अभिलेख देखिएकोमा उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाटै भौतिक परीक्षण गरी मिति २०७६/०७/०३ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट ३४,२९५ मेट्रिक टन क्लिङ्कर मात्र मौज्दात रहेको देखिएकोबाट उक्त आर्थिक वर्षमा जम्मा १०,२०० मेट्रिक टन वास्तविक हुन पर्ने भन्दा अश्वभाविक घटी मौज्दात देखिएको, उक्त क्लिङ्करको लागत मूल्य रू. ११,१०९।०१ प्रति मेट्रिक टन रहेको देखिएबाट प्रतिवादीहरूको आपसी मिलेमतो तथा योजनामा बदनियत राखी वास्तविक हुन पर्ने मौज्दात भन्दा अस्वाभाविक घटी देखिएको १०,२०० टन क्लिङ्करको **रू. ११,३३,११,९०२।- रकम वरावरको सार्वजनिक सम्पत्ति हिनामिना हानीनोक्सानी तथा मासेको तथ्य** स्थापित भएको।

आर्थिक वर्ष २०७६/०७७ मा वार्षिक मौज्दात विवरणमा क्लिङ्कर ५०,९७५ मेट्रिक टन रहेको भनी अभिलेख देखिएकोमा उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाटै भौतिक परीक्षण गरी मिति २०७७/०९/१६ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट ३९,४५० मेट्रिक टन क्लिङ्कर मात्र मौज्दात रहेको देखिएकोबाट उक्त आर्थिक वर्षमा जम्मा ११,५२५ मेट्रिक टन वास्तविक हुनपर्ने भन्दा अश्वभाविक घटी मौज्दात देखिएको, आ.व. २०७६/०७७ सम्म घटी देखिएको ११,५२५ मेट्रिक टन क्लिङ्करबाट आ.व. २०७५/०७६ मा घटी देखिएको १०,२०० मेट्रिक टन घटाउँदा आ.व. २०७६/०७७ मा मात्र १,३२५ मेट्रिक टन क्लिङ्कर घटी रहेको देखिएको, उक्त क्लिङ्करको लागत मूल्य रू. १२,२६१.६७ प्रति मेट्रिक टन रहेको देखिएबाट आर्थिक वर्ष २०७६/०७७ मा मात्र उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा प्रतिवादीहरूको आपसी मिलेमतो तथा योजनामा बदनियत राखी वास्तविक हुन पर्ने मौज्दात भन्दा अस्वाभाविक घटी देखिएको

१,३२५ टन क्लिङ्करको **रू.१,६२,४६,७१२।७५ रकम वरावरको सार्वजनिक सम्पत्ति हिनामिना हानीनोक्सानी तथा मासेको तथ्य** स्थापित भएको देखिएको, मिति २०७७ पौष मसान्तमा मौज्दात विवरणमा क्लिङ्कर ५५,३८५ मेट्रिक टन रहेको भनी अभिलेख देखिएकोमा उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाटै भौतिक परीक्षण गरी मिति २०७७/१०/१३ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट १७,७४५ मेट्रिक टन क्लिङ्कर मात्र मौज्दात रहेको देखिएकोबाट उक्त समय सम्ममा जम्मा ३७,६४० मेट्रिक टन वास्तविक हुनपर्ने भन्दा अश्वभाविक घटी मौज्दात देखिएको, उक्त परिमाणमा आ.व. २०७६/०७७ सम्म घटी देखिएको ११,५२५ मेट्रिक टन घटाउँदा मिति २०७७ साउन १ गते पौष मसान्त सम्ममा मात्र २६,११५ मेट्रिक टन क्लिङ्कर घटी रहेको देखिएको, उक्त क्लिङ्करको लागत मूल्य रू.१२,४१८.३६ प्रति मेट्रिक टन रहेको देखिएबाट वास्तविक हुन पर्ने मौज्दात भन्दा अस्वाभाविक घटी देखिएको २६,११५ टन क्लिङ्करको **रू. ३२,४३,०५,४७१।४ रकम वरावरको सार्वजनिक सम्पत्ति हिनामिना हानीनोक्सानी तथा मासेको तथ्य** स्थापित भएको देखिएको,

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको संचालक समितिका सदस्यको संयोजकत्वमा गठित उपसमितिले मिति २०७८/१२/०१ मा पेस गरेको प्रतिवेदनबाट आ.व. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनले औँल्याएका ३७,६४० मेट्रिक टनको रू. ४६,७४,१३,५२०।—को क्लिङ्कर मौज्दात घटी रहेको सम्बन्धमा नेपाल सरकारले नियुक्त गरेको उद्योगको प्रमुख कार्यकारी अधिकृत (महाप्रवन्धक) ले प्रचलित कानून अनुसार आफ्नो कर्तव्य पालना गरी सञ्चालक समिति र सरकारलाई सुसूचित गर्नुपर्नेमा उल्लिखित आर्थिक वर्षहरूमा जिम्मेवारी पूरा नगरेको, यसको सम्पूर्ण जिम्मेवारी तत्कालीन कार्य गर्ने महाप्रवन्धकहरूले लिनुपर्ने र जिम्मेवार बनाउनुपर्ने उल्लेख भएको देखिएबाट प्रस्तुत भ्रष्टाचारजन्य कार्यमा उदयपुर सिमेन्ट उद्योग लिमिटेडका तत्कालीन महाप्रवन्धक सुरेन्द्र कुमार पौडेल र निमित्त महाप्रवन्धक नवल किशोर साहसमेत सम्मका प्रतिवादीहरूको मिलेमतोमा आ.व. २०७४/०७५ देखि २०७७ पौष मसान्तसम्म क्लिङ्कर हिनामिना, हानिनोक्सानी तथा मास्ने कार्य गरे गराएको देखिएको, उदयपुर सिमेण्ट उद्योग लिमिटेड, सञ्चालक समितिको मिति २०७८/१२/१७ गते, १०२८ औं बैठकको निर्णयबाट क्लिङ्कर मौज्दातमा फरक परी महालेखापरीक्षकबाट समेत प्रारम्भिक प्रतिवेदनमा औँल्याइएको र क्लिङ्करको वित्तीय विवरण तथा यथार्थ भौतिक परिमाण अध्ययन उपसमितिको सुझाव समेतलाई आधार लिई थप कारवाही अघि बढाउन र उठान भएको विषयलाई टुङ्गोमा पुऱ्याउन उपसमितिको प्रतिवेदन सहित श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरी क्लिङ्कर हिनामिना तथा हानीनोक्सानी भएको ठहर गरी मन्त्रालयलाई छानविनका लागि पठाएकोमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौंको उपसचिव समेतले मिति २०७९/०८/११ गते पेस गरेको छानबिन प्रतिवेदनबाट उदयपुर सिमेन्ट उद्योग लिमिटेडको तथ्याङ्क/कागजात अनुसार वि.सं. २०७४ श्रावणदेखि २०७७ पौष मसान्तसम्म उत्पादन भएको क्लिङ्करको मौज्दात रेकर्ड अनुसारको क्लिङ्कर उत्पादन ३,६३,७२० टन र खपत भएको चुनढुङ्गाको परिमाण ५,०१,९७८ टनको रहेको देखिँदा क्लिङ्करः चुनढुङ्गाको अनुपात ०.७२५ रहेको तर उद्योगबाट प्राप्त कागजातअनुसार देखिएको भौतिक परिमाणमा घटि देखिएको ३७,६४० टन क्लिङ्कर कट्टा गर्दा प्राप्त हुने क्लिङ्करः चुनढुङ्गाको अनुपात ०.६४९ असामान्य र निकै घटी रहेको देखिएबाट ३७,६४० मेट्रिक टन क्लिङ्कर हिनामिना, हानिनोक्सानी तथा मासेको तथ्य प्रमाणित भएको भन्नेसमेत व्यहोराको प्रतिवेदन देखिएको।

यसरी, उदयपुर सिमेण्ट उद्योग लिमिटेड, प्रधान कार्यालय, जलजले, उदयपुरका तत्कालीन महाप्रवन्धक **सुरेन्द्र कुमार पौडेल**, निमित्त महाप्रवन्धक **नवल किशोर साह**, नायव महाप्रवन्धक **महेश प्रसाद काफ्ले**, उत्पादन महाशाखा प्रमुख **संजय कुमार लाल**, भण्डार महाशाखा प्रमुख **महेश प्रसाद साह**, क्लिङ्कर

उत्पादन विभाग प्रमुख **रवीचन्द्र पौडेल**, सिमेन्ट उत्पादन विभाग प्रमुख **हरि प्रसाद अधिकारी**, बिक्री विभाग प्रमुख **राम बहादुर जी.सी.** समेतको आपसी मिलेमतो तथा योजनामा आफू समेतका प्रतिवादीहरूलाई लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/उदयपुर सिमेन्ट उद्योग लिमिटेडलाई हानी पुऱ्याउने बदनियतले राष्ट्रसेवक प्रतिवादीहरूले आफ्नो जिम्माको सार्वजनिक सम्पत्ति राष्ट्रसेवक पद तथा ओहदाको दुरूपयोग गरी गराई बदनियत राखी क्लिङ्करको मासिक तथा वार्षिक मौज्दात अभिलेख, भौतिक परीक्षणबाट देखिएको परिमाण, महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौंको छानबिन प्रतिवेदन समेतका आधारमा घटी देखिएको आ.व. २०७४/०७५ को १,१२९ मेट्रिक टन क्लिङ्करको लागत मूल्य **रू.१,१४,१०,३४०।११ (एक करोड चौध लाख दश हजार तीन सय चालीस रूपैयाँ एघार पैसा)**, आर्थिक वर्ष २०७५/०७६ को १०,२०० मेट्रिक टन क्लिङ्करको लागत मूल्य **रू.११,३३,११,९०२।– (एघार करोड तेत्तीस लाख एघार हजार नौ सय दुई)**, आर्थिक वर्ष २०७६/०७७ को १,३२५ मेट्रिक टन क्लिङ्करको लागत मूल्य **रू.१,६२,४६,७१२।७५ (एक करोड बैसट्ठी लाख छयालिस हजार सात सय बाह्र रूपैयाँ पचहत्तर पैसा)** र मिति २०७७ साउन १ देखि २०७७ पौष मसान्तसम्मको २६,११५ मेट्रिक टन क्लिङ्करको लागत मूल्य **रू.३२,४३,०५,४७१।४ (बत्तीस करोड त्रिचालीस लाख पाँच हजार चार सय एकहत्तर रूपैयाँ चार पैसा)** गरी कुल जम्मा **३८,७६९ मेट्रिक टन** क्लिङ्करको लागत मूल्य **रू.४६,५२,७४,४२६।२६ (छयालीस करोड बाउन्न लाख चौहत्तर हजार चार सय छब्बीस रूपैयाँ छब्बीस पैसा)** सार्वजनिक सम्पत्ति क्लिङ्कर हिनामिना, हानिनोक्सानी तथा मासेको तथ्य स्थापित भएको देखिंदा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरजन्य कार्य भएको हुँदा निजहरूलाई देहाय बमोजिमको कसूरमा देहाय बमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | उदयपुर सिमेण्ट उद्योग लिमिटेड, प्रधान कार्यालय, जलजले, उदयपुरका तत्कालीन महाप्रवन्धक **सुरेन्द्र कुमार पौडेल** | **रू.१२,४७,२२,२४२।११** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य भएकोले बिगो **रु. बाह्र करोड सत्चालीस लाख बाइस हजार दुई सय बयालीस रूपैयाँ एघार पैसा** कायम गरी ऐ.ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै, निज उदयपुर सिमेण्ट उद्योग लिमिटेडको महाप्रवन्धक (कार्यकारी प्रमुख) भई कार्य गरेको देखिएको र निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | उदयपुर सिमेण्ट उद्योग लिमिटेड, प्रधान कार्यालय, जलजले, उदयपुरका तत्कालीन निमित्त महाप्रवन्धक **नवल किशोर साह** | **रू.४६,५२,७४,४२६।२६** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य भएकोले बिगो **रू. छयालीस करोड बाउन्न लाख चौहत्तर हजार चार सय छव्वीस रूपैयाँ छव्वीस पैसा** कायम गरी ऐ.ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै, निज उदयपुर सिमेण्ट उद्योग लिमिटेडको निमित्त महाप्रवन्धक (कार्यकारी प्रमुख) भई कार्य गरेको देखिएको र निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | उदयपुर सिमेण्ट उद्योग लिमिटेड, प्रधान कार्यालय, जलजले, उदयपुरका तत्कालीन नायव महाप्रवन्धक **महेश प्रसाद काफ्ले** | **रू.१२,६३,६९,१६८।३१** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य भएकोले **बिगो रू. बाह्र करोड त्रीसठ्ठी लाख उनान्सत्तरी हजार एक सय अठ्सठ्ठी रूपैयाँ एकतीस पैसा** कायम गरी ऐ.ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी |

| | | | |
|---|---|---|---|
| | | | लिइएको छ। |
| ४. | उदयपुर सिमेण्ट उद्योग लिमिटेड, प्रधान कार्यालय, जलजले, उदयपुरका तत्कालीन उत्पादन महाशाखा प्रमुख **संजय कुमार लाल**, तत्कालीन भण्डार महाशाखा प्रमुख **महेश प्रसाद साह**, तत्कालीन कलिङ्कर उत्पादन विभाग प्रमुख **रवीचन्द्र पौडेल**, तत्कालीन सिमेन्ट उत्पादन विभाग प्रमुख **हरि प्रसाद अधिकारी** र तत्कालीन बिक्री विभाग प्रमुख **राम बहादुर जी.सी.** | **जनही रू.४६,५२,७४,४२६।२६** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य भएकोले बिगो रू. **छयालीस करोड बाउन्न लाख चौहत्तर हजार चार सय छव्वीस रूपैयाँ छव्वीस पैसा** कायम गरी ऐ.ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने